जनसचेतन इ बुलेटिन

JANASACHETAN E BULLETIN

वर्ष : ३ (तीन) अंक : ७ (सात) पृष्ठ संख्या: ५ (पाँच) अवधि: वैशाख-असार प्रकाशित मिति: २०८३ श्रावण १५

५ दिने निःशुल्क अचार बनाउने तालिम सम्पन्न

■ जनसचेतन साकोस, दोलखा

२०८३ असार १४, आइतबार

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्ना सदस्यहरूको सीप विकास, स्वरोजगार प्रवर्द्धन तथा आयआर्जनमा सहयोग पुऱ्याउने उद्देश्यले पाँच दिने निःशुल्क अचार बनाउने तालिम सम्पन्न गरेको छ ।

संस्थाको वार्षिक कार्यक्रम अन्तर्गत २०८३ साल असार ८ गतेदेखि १२ गतेसम्म सञ्चालन गरिएको तालिममा संस्थाबाट छनोट भएका ३० जना महिला सदस्यहरूको सहभागिता रहेको थियो । तालिममा मुला, गाजर, आँप, काउली लगायत विभिन्न प्रकारका अचार तथा विभिन्न मासुका अचार बनाउने विधिबारे प्रशिक्षण दिइएको थियो । सहभागीहरूलाई कच्चा पदार्थको छनोट, खाद्य सरसफाइ, गुणस्तर व्यवस्थापन, प्याकेजिङ, लेबलिङ तथा

बाँकी पृष्ठ ५ मा

मेलुङमा निःशुल्क स्वास्थ्य शिविर

■ जनसचेतन साकोस, दोलखा

२०८३ वैशाख २३, बुधबार

■ ३०५ जनाले लिए स्वास्थ्य सेवा

मेलुङ गाउँपालिका, जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, समुन्द्र नेपाल र हिमाली स्वास्थ्य सहकारी संस्थाको संयुक्त आयोजनामा दुई दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । यही २०८३ वैशाख २१ र २२ गते मेलुङ

बाँकी पृष्ठ २ मा

५ लाख ८९ हजार २ सय ५० सहयोग रकम हस्तान्तरण



शीर्षक	जना	रकम रु.
आजीवन सहारा भत्ता	१४७	२१७,५००।००
स्वास्थ्य उपचार सहयोग	३	१५,०००।००
सुत्केरी स्याहारमा सहयोग	१३	२६,०००।००
सामाजिक संस्कार खर्च	१३	६५,०००।००
सदस्य सुरक्षा कोष	१०	२५२,०००।००
प्राकृतिक प्रकोपमा सहयोग	३	९,५००।००
स्वास्थ्य बीमाको प्रिमियममा सहयोग	१०	४,२५०।००
जम्मा	१९९	५८९,२५०.००

२०८३ वैशाखदेखि असार मसान्त सम्ममा विभिन्न शीर्षकमा सहयोग मार्फत १ सय ९९ जना शेयर सदस्यहरुलाई ५ लाख ८९ हजार २ सय ५० रुपैयाँ सहयोग हस्तान्तरण गरिसकिएको छ ।

सम्पादकीय

सहकारीमा खाताबन्दीको महत्व

सहकारी संस्था सदस्यहरूको आर्थिक, सामाजिक तथा व्यावसायिक हित प्रवर्द्धन गर्ने साझा संस्था हो । यस्तो संस्थाको दिगो विकास, सुशासन र सदस्यहरूको विश्वास कायम राख्न व्यवस्थित लेखा प्रणाली तथा समयमै खाताबन्दी गर्नु अत्यन्त आवश्यक हुन्छ । खाताबन्दी भनेको आर्थिक वर्षभर भएका सम्पूर्ण वित्तीय कारोबारलाई नियमानुसार मिलान गरी अन्तिम वित्तीय विवरण तयार गर्ने प्रक्रिया हो । यस प्रक्रियाबाट संस्थाको वास्तविक आर्थिक अवस्था स्पष्ट रूपमा देखिन्छ ।

खाताबन्दीको प्रमुख उद्देश्य संस्थाको आय, व्यय, सम्पत्ति, दायित्व, बचत, ऋण लगानी, नगद मौज्दात तथा नाफा-नोक्सानको यथार्थ विवरण तयार गर्नु हो । यसबाट सञ्चालक समिति, व्यवस्थापन, लेखा समिति तथा सदस्यहरूले संस्थाको वित्तीय स्थिति सही रूपमा मूल्याङ्कन गर्न सक्छन् । सही खाताबन्दीले संस्थाको कार्यसम्पादन पारदर्शी र उत्तरदायी बनाउँदै सदस्यहरूको विश्वास अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

व्यवस्थित खाताबन्दीले आन्तरिक तथा बाह्य लेखापरीक्षणलाई पनि सहज बनाउँछ । आवश्यक कागजात र वित्तीय विवरण व्यवस्थित रूपमा उपलब्ध हुँदा लेखापरीक्षकलाई परीक्षण गर्न सजिलो हुन्छ र त्रुटि वा कमजोरी समयमै पहिचान गरी सुधार गर्न सकिन्छ । साथै, सहकारी ऐन, नियमावली तथा नियामक निकायले तोकेका वित्तीय विवरण समयमै तयार गरी पेश गर्न पनि खाताबन्दी अपरिहार्य हुन्छ । खाताबन्दीले संस्थाको भविष्यको योजना निर्माणमा समेत सहयोग पुऱ्याउँछ । सही वित्तीय तथ्याङ्कका आधारमा बजेट निर्माण, लगानी योजना, ऋण व्यवस्थापन, जोखिम नियन्त्रण तथा सेवा विस्तारसम्बन्धी निर्णय प्रभावकारी रूपमा लिन सकिन्छ । भाखा नाघेका ऋण, सम्भावित नोक्सानी तथा अन्य वित्तीय जोखिमको पहिचान गरी आवश्यक सुधारात्मक कदम चाल्न पनि खाताबन्दी उपयोगी हुन्छ ।

यसका अतिरिक्त, वार्षिक साधारण सभामा प्रस्तुत गरिने वार्षिक प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा लाभांश वितरणको आधार पनि खाताबन्दी नै हो । सही वित्तीय विवरणले सदस्यहरूलाई संस्थाको वास्तविक अवस्था बुझ्न मद्दत गर्छ र संस्थाप्रतिको विश्वास तथा सहभागिता अझ सुदृढ बनाउँछ ।

अन्त्यमा, खाताबन्दी केवल कानुनी दायित्व पूरा गर्ने प्रक्रिया मात्र नभई सहकारी संस्थाको सुशासन, पारदर्शिता, वित्तीय अनुशासन र दिगो विकासको आधार हो । समयमै, शुद्ध र व्यवस्थित रूपमा खाताबन्दी सम्पन्न गर्न सके सहकारी संस्था आर्थिक रूपमा सक्षम, विश्वसनीय र प्रतिस्पर्धी बन्न सक्छ । त्यसैले प्रत्येक सहकारी संस्थाले खाताबन्दीलाई उच्च प्राथमिकता दिई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आजको आवश्यकता हो ।

गजल

साझा घर जनसचेतन

नविन्द्र रिमाल
वैतेश्वर गा.पा.–७, दोलखा
सदस्य नं: १७७३९

बचत गर्ने बानी बसाली, जीवन सिंगार्न पाइएको छ,
जनसचेतनकै सहारामा, समृद्धि रोज्न पाइएको छ ।

वित्तीय सेवा सरल अनि, गैर-वित्तीय साथ उस्तै,
सदस्यकै हितमा यहाँ, योजना बनाउन पाइएको छ ।

हात-हातमै मोबाइल बैंकिङ, डिजिटल प्रविधिको
सेवा, स्मार्ट बन्दै घरै बसी, कारोबार गर्न पाइएको छ ।

ऋण, बचत र उद्यमशीलता, सबै सेवा घरदैलोमै,
अप्ठ्यारोमा ओत बनी, भरपर्दो साथ पाइएको छ ।

सबै सदस्यको साझा घर, जनसचेतन संस्था हाम्रो,
यहींबाटै सुरक्षित सुन्दर, भविष्य कोर्न पाइएको छ ।

समयमै आफ्नो नाममा रहेको ऋणको साँवा र ब्याज नियमित गरी एक असल सदस्यको पहिचान कायम गर्नुहुन अनुरोध छ ।

मेलुङमा निःशुल्क...

गाउँपालिकाको वडा नम्बर ३ र ५ मा शिविर सञ्चालन गरिएको थियो । शिविरमा विशेष गरी महिलाहरूको पाठेघर खस्ने स्वास्थ्य समस्याको पहिचान तथा उपचार र सर्वसाधारणको साधारण स्वास्थ्य परीक्षण गरिएको थियो ।

दुई दिनसम्म चलेको उक्त शिविरमा स्थानीय सर्वसाधारण र ग्रामीण महिलाहरूले उत्साहजनक रूपमा स्वास्थ्य सेवा लिएका थिए । शिविरमा जम्मा ३०५ जना सर्वसाधारणले आफ्नो स्वास्थ्य परीक्षण गराएर प्रत्यक्ष लाभ लिएका थिए । ग्रामीण क्षेत्रका नागरिक, जसको स्वास्थ्य सेवामा सहज पहुँच पुग्दैन, उनीहरूलाई लक्षित गरी गाउँघरमै विशेषज्ञ सेवा पुऱ्याउने उद्देश्यले यो शिविरको आयोजना गरिएको हो । शिविरलाई सफलतापूर्वक सम्पन्न गर्न स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सहकारीका प्रतिनिधि तथा स्वयंसेवकहरूले सक्रिय भूमिका निर्वाह गरेका थिए ।

हार्दिक श्रद्धाञ्जली

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पाउमा त्यो बिन्ती मान्दैन त्यो ।"

यस त्रैमासिकमा संस्थामा आवद्ध देहायका शेयर सदस्यहरूको असामयिक देहावसान भएकोले हामी अत्यन्तै मर्माहित भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

गणेश बहादुर बुढाथोकी
भीमेश्वर न.पा.-५, दोलखा
सदस्य नं: ३६४५७
मृत्यु मितिः २०८३/०१/०१

दिनेश कार्की
वेतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: १३९१५
मृत्यु मितिः २०८३/०१/०२

शिव प्रसाद दहाल
वेतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ८२४०
मृत्यु मितिः २०८३/०१/०३

जित बहादुर तमाङ
जिरी न.पा.-९, दोलखा
सदस्य नं:३९०१४
मृत्यु मितिः २०८३/०१/२३

राममाया दहाल
वेतेश्वर गा.पा.-८, दोलखा
सदस्य नं: २७७७
मृत्यु मितिः २०८३/०२/०२



संगिता भित्रिकोटी दमाई
विगु गा.पा.-४, दोलखा
सदस्य नं: ३८५४५
मृत्यु मितिः २०८३/०२/०६

गोपाल बहादुर श्रेष्ठ
विगु गा.पा.-८, दोलखा
सदस्य नं: ३०१३४
मृत्यु मितिः २०८३/०२/११

सोम बहादुर कुसुले
भीमेश्वर न.पा.-४, दोलखा
सदस्य नं: ७०३१
मृत्यु मितिः २०८३/०२/१८

धर्मानन्द पाध्या
वेतेश्वर गा.पा.-६, दोलखा
सदस्य नं: ९८०
मृत्यु मितिः २०८३/०२/१८

सीता उग्रकोटी
मेलुङ गा.पा.-१, दोलखा
सदस्य नं: १४१४४
मृत्यु मितिः २०८३/०२/१७

लक्ष्मण चौलागाई
वेतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: २०१
मृत्यु मितिः २०८३/०२/२६

उम्बर कुमारी सुनुवार
जिरी न.पा.-९, दोलखा
सदस्य नं: १०५४१
मृत्यु मितिः २०८३/०३/०१

वृर्ख बहादुर कार्की
वेतेश्वर गा.पा.-५, दोलखा
सदस्य नं: ४५१२
मृत्यु मितिः २०८३/०३/०५

गंगा थामी
कालिञ्चोक गा.पा.-२, दोलखा
सदस्य नं: २९२१७
मृत्यु मितिः २०८३/०३/१०

चन्द्र बहादुर विश्वकर्मा
कालिञ्चोक गा.पा.-२, दोलखा
सदस्य नं: २९२१७
मृत्यु मितिः २०८३/०३/१०

गोपालध्वज श्रेष्ठ
अध्यक्ष एवम्
जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.
परिवार

कार्यालय समय

बिहान ५:०० बजेदेखि ५:०० बजेसम्म
(माघ १६ देखि कार्तिक १५ गतेसम्म)

बिहान ५:०० बजेदेखि ४:०० बजेसम्म
(कार्तिक १६ देखि माघ १५ गतेसम्म)

सफलताको कथा

भीम नेपाली
जिरी न.पा.-९, उर्नेली, दोलखा
सदस्य नं: १०४३६

दोलखा जिल्ला जिरी नगरपालिका वडा नं. ९, उर्नेली टोलमा बस्ने बुबा कर्ण दर्जी र आमा देवी माया नेपालीबाट वि.सं. २०३२ असार २० मा म भीम नेपालीको जन्म भएको थियो । मेरो बाल्यकाल दोलखा जिल्लाको उर्लेनी टोलमा नै बितेको थियो । मैले विद्यालय शिक्षा श्री कालिका प्राथमिक विद्यालयबाट सुरु गरेँ । घरायसी समस्याको कारण दुःख कष्ट संहाल्दै मैले कक्षा ५ सम्मको मात्र अध्ययन गर्ने अवसर पाएँ, त्यसपछि कलिलै उमेरमा मेरो पिता र आमाले रामेछाप जिल्ला उमाकुण्ड गाउँपालिका वडा नं. ४ मा बस्ने लाल बहादुर नेपाली र हिरा माया नेपालीको छोरी फुलमाया नेपालीसँग विवाह गरिदिनुभयो । यसरी विवाह पश्चात म कामको सिलसिलामा वि.सं. २०४६ सालमा भारतको जयपुरमा सिलाईको तालिम लिएर करिब एक वर्ष भारत बसाइ पछि नेपाली फर्किएँ र २०४७ सालदेखि करिब ३० वर्ष काठमाडौँमा नै साहुको पसलमा कपडा सिलाउने कामको साथसाथै सिलाइको प्रशिक्षक समेत भई कार्य गरी जिविकोपार्जन गर्दै आइरहेको थिएँ । यसै क्रममा म र श्रीमतीबाट एक छोरा र छ छोरीहरुको जन्म भई चार छोरीहरुको विवाह भइसकेको छ र दुई छोरीहरु पढ्दै घरमा नै बस्दै आइरहेका छन् । यसरी घर व्यवहार चलाउने क्रममा छोरा, छोरीहरुलाई शिक्षा दिक्षा दिँदा मैले ३५ वर्षसम्म रोजगारीबाट कमाएको रकम सकियो र त्यसपछि मासिक रुपमा आउने तलवले समेत खर्च धान्न धौ धौ भई घर व्यवहार चलाउन नै समस्या भइरहेको थियो । अब यसरी अर्काको पसलमा मात्र काम गरेर भएन, आफ्नै गाउँमा केही व्यवसाय गर्नुपर्छ भन्ने सरसल्लाह भइरहेको थियो ।

यसैबिच एक दिन जनसचेतन सहकारीको शिक्षा शिविर कार्यक्रममा सहभागी हुने अवसर मिल्यो । त्यस कार्यक्रमबाट प्रेरित भई गाउँघरमा नै केही व्यवसाय गर्न सकिन्छ भन्ने महसुस गरेँ । यसै क्रममा अब गाउँमा नै सिलाई पसलका साथसाथै पशुपालन, बंगुर पालन तथा आलु खेती गर्ने निर्धो गरे तर के गर्नु, रकम अभावले गर्दा सुरु गर्न सकिरहेको थिइन । रकम अभाव भएको कुरा मैले जनसचेतन सहकारीमा पुगी आफूले गर्न लागेको व्यवसायको योजना पेश गरेँ र त्यस योजना अनुसारलाई ऋण दिन संस्था मन्जुर भयो । मैले संस्थाबाट ऋण लिई सिलाई



मेसिन तथा कपडाहरु किनी सिलाई पसलका साथ साथै पशुपालन, कृषि खेती गर्दै आइरहेको छु । यी सम्पूर्ण व्यवसायबाट दैनिक रुपमा २-३ हजार आम्दानी गर्दै आइरहेको छु । अहिले यही व्यवसायबाट घरखर्च, बच्चाबच्चीलाई शिक्षा दिक्षा तथा केही रकम बचत समेत गर्ने गरेको छु । मेरो व्यवसायमा सुरुदेखि नै जनसचेतन सहकारीको साथ र सहयोग भएको कारण मेरो सफलताको श्रेय जनसचेतन सहकारीलाई नै दिन चाहान्छु । संस्थाले ममाथि गरेको सहयोगलाई बचाइराख्न मैले नियमित रुपमा बचत गर्दै आइरहेको छु । ऋणको किस्ता पनि समयमा नै तिर्ने गरेको छु र संस्थाले प्रदान गर्दै आइरहेको

ब्याज छुटको सुविधा पनि लिने गरेको छु । संस्थाप्रति राम्रो छवी बनाएको कारण ऋण लिनको लागि अन्य वित्तीय संस्थामा धाउनु परेको छैन । मसँग सल्लाह माग्न आउनु हुने मेरो छिमेक तथा साथीहरुलाई सबै किसिमले जनसचेतन साकोस एक अब्बल संस्थाको रुपमा परिचित छ त्यसैले जनसचेतन सहकारीमै सदस्य बन्न सल्लाह दिदै आइरहेको छु ।

अन्त्यमा भावी दिनमा जनसचेतन सहकारीले धेरैभन्दा धेरै सदस्यको मन मष्तिस्कमा बस्न सकोस्, सदस्य केन्द्रीय कार्यक्रमहरु समय समयमा उपलब्ध गराउँदै जाओस्, सदस्यको आवश्यकता अनुसारको कार्यक्रमहरु ल्याउँदै जाओस्, संस्थाको सेवाहरुलाई थप प्रविधिमैत्री बनाउँदै लगोस् । संस्थाको उन्नति र प्रगतिको कामना गर्दछु । धन्यवाद ।

असार मसान्तसम्मको वित्तीय विवरण

विवरण	रकम	विवरण	रकम/ संख्या
शेयर पूँजी रू.	१५,५४,५६,८००.००	कुल शेयर सदस्य संख्या	२६,१५५
जगेडा कोष रू.	१८,६३,४४,००३.२६	कुल ऋणी सदस्य	३,०२२
कुल बचत रू.	१,८२,००,१४,०६६.४४	लगानीमा रहेको ऋण रू.	१,६७,५०,५३,४३७.२१
कुल संस्थागत पूँजी रू.	१८,८७,७१,८५०.६२	तरलता रकम र प्रतिशत	४५,२४,४४,०७०.३३ (२७.०६%)
विभिन्न कोषहरुमा जम्मा रू.	१२,२६,३६,४५०.६६	कुल सम्पत्ति रू.	२,५५,५४,७३,०४५.५१

५ दिने निःशुल्क...

बजारीकरणसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञानसमेत प्रदान गरिएको थियो ।

तालिमका क्रममा सहभागीहरूले विभिन्न प्रकारका अचार आफैं तयार गरी व्यावहारिक सीप हासिल गरेका थिए । साथै, स्थानीय कृषि उत्पादनको सदुपयोग गर्दै घरेलु उद्यम सञ्चालन तथा आयआर्जन गर्न सकिने सम्भावनाबारे समेत जानकारी प्राप्त गरेका छन् । तालिमबाट सहभागीहरूमा अचार उत्पादनसम्बन्धी ज्ञान, सीप र आत्मविश्वास वृद्धि भएको संस्थाका अध्यक्ष गोपालध्वज श्रेष्ठले बताउनु भएको थियो । उहाँले स्थानीय उत्पादनको प्रयोग गरी स्वरोजगार सिर्जना गर्न तथा साना घरेलु उद्यम सञ्चालन गर्न तालिम महत्वपूर्ण रहेको बताउनु भयो ।

कार्यक्रमका सहभागीहरूले यस्ता सीपमूलक तथा आयआर्जनमुखी तालिमलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने बताएका थिए । साथै, उत्पादित अचारको ब्रान्डिङ, प्याकेजिङ तथा बजारीकरणमा सहकारी संस्थाले थप सहजीकरण गर्नुपर्ने कुरालाई जोड दिएका थिए । संस्थाका प्रमुख कार्यकारी अधिकृत नवराज दहालले संस्थाले सदस्यहरूको क्षमता अभिवृद्धि गर्दै स्वरोजगार तथा आयआर्जनका अवसर सिर्जना गर्ने उद्देश्यले आगामी दिनमा पनि विभिन्न सीपमूलक कार्यक्रम सञ्चालन गर्दै जाने कुरा बताउनु भयो ।

ऋणको कारोबार नियमित गर्ने बारेको सूचना !

यस संस्थाबाट विभिन्न शीर्षकहरुमा कर्जा (ऋण) लिनु भएका ऋणी सदस्यहरुले ऋण लिँदाको बखतमा गरिएको सम्झौताको आधारमा नियमित रुपमा किस्ता तथा ब्याज बुझाउनु सदस्यको कर्तव्य हो । यदि कोही ऋणी सदस्यले आफूले लिएको ऋणको किस्ता तथा ब्याज नियमित नभएको भए वा तिर्नु बुझाउनुपर्ने रकम नबुझाउनु भएको भए यथाशक्य छिटो पायक पर्ने संस्थाका कार्यालयहरुमा उपस्थित भई आफ्नो ऋणको किस्ता तथा ब्याज नियमित वा चुक्ता गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । लामो समयदेखि भाखा नघाएका तपाई ऋणी सदस्यलाई संस्थाबाट रकम भुक्तानीको लागि विभिन्न समयमा गरेको तरताकेता (टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्रद्वारा) लाई समेत वेवास्ता गरी रहनु भएका तपाई ऋणीहरुले समयमै आफूले लिनु भएको ऋणको तिर्न बाँकी रकम भुक्तानी गरी असल ऋणी सदस्यको पहिचान कायम राख्नुहुन हार्दिक अनुरोध गर्दछौं । अन्यथा सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा प्रचलित नेपाल कानून बमोजिम ऋणी सदस्य तथा व्यक्तिगत जमानी बस्ने सदस्यको फोटो सहितको तीनपुस्ते विवरण सार्वजनिक गरी कानून बमोजिम ऋण असुल उपर गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

इ-बुलेटिन सम्बन्धमा कुनै पनि सल्लाह सुझाव तथा पृष्ठपोषणहरु भएमा तलको QR Scan गरी दिन सक्नुहुनेछ ।

Scan me !

सम्पादन

- गोपालध्वज श्रेष्ठ, अध्यक्ष
- नवराज दहाल, प्रमुख कार्यकारी अधिकृत
- रमेश लामिछाने, सूचना प्रविधि अधिकृत